कार्यपालिका बैठक मिति : २०८२।०९।१२ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०९।०७ गते।

<u>मिति २०८२।०९।१२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू</u>

१. निर्णय समिक्षा सम्बन्धमा।
२. विद्यालय स्थानान्तरण सम्बन्धमा।
३. गाउँसभा अधिवेशन आह्वान गर्ने सम्बन्धमा।
४. सार्वजनिक खरिद नियमावली २०८२ सम्बन्धमा।
५. मनास्लु दिवस मनाउने कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२ सम्बन्धमा।
६. उपचार खर्च सम्बन्धमा।
७. कार्यविधिहरू स्विकृत गर्ने सम्बन्धमा।
८. आ व २०८३।८४ को आय व्यय प्रक्षेपण सम्बन्धमा।
९. स्वास्थ्य सँस्थामा सफ्टवेयर खरिद सम्बन्धमा।
१०. मानवसेवा आश्रम सहयोग सम्बन्धमा।
११. प्रारम्भिक वाल विकासमा कार्यरत शिक्षकको पारिश्रमिक नेपाल सरकारको न्यनुतम मापदण्ड बमोजिम बनाउने सम्बन्धमा।
१२. ल्हो पेमा सम्भवा मा वि का लागि लेखापाल व्यवस्थापन सम्बन्धमा।
१३. तमु ल्होसार मनाउने सम्बन्धमा।
१४. जिल्ला खेलकुद विकास समिति गोरखालाई आर्थिक सहयोग सम्बन्धमा।
१५. कर्मचारी पुरस्कार सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. चुमनुब्री गाउँपालिका वडा नं ७ स्थित रहेको श्री वुद्ध आधारभूत विद्यालय हाल सञ्चालन रहेको लारमा भौतिक पूर्वाधार पर्याप्त नरहेको र आवासिय छात्रावास चलाउन कठिनाई भएको भनि चुम गुम्बा विकास संस्था लामागाउँको भवनमा स्थानान्तरण गरी पठनपाठन गराउन श्री वुद्ध आधारभूत विद्यालयको च नं १०, मिति २०८२।०७।०४ को अनुमती माग गरिएको पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०५।१९ को निर्णय नं १, चुम गुम्बा विकास संस्थाको च नं ३, मिति २०८२।०७।०५ को निशुल्क विद्यालय सञ्चालन गर्ने जानकारी पत्र र चुमनुब्री गाउँपालिका वडा नं ७ को कार्यालयको च नं ४१, मिति २०८२।०८।०८ को पत्रको आधारमा निशुल्क रूपमा शिक्षा प्रदान गर्ने गरी श्री वुद्ध आधारभूत विद्यालयलाई चुम गुम्बा विकास संस्था लामागाउँको भवनमा स्थानान्तरण गर्न अनुमती दिने।
३. चुमनुब्री गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशन २०८२ पुस महिना १३ गतेका दिन देखी आह्वान गर्ने।
४. सार्वजनिक खरिद सम्बन्धी कार्यलाई खुला, पारदर्शी, मितव्ययी, प्रभावकारी बनाउन चुमनुब्री गाउँपालिका सार्वजनिक खरिद नियमावली २०८२, स्विकृत गर्ने।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

५. चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम **मनास्लु दिवस मनाउने कार्यक्रम**लाई मितव्ययी, पारदर्शी तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न मनास्लु दिवस मनाउने कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ स्विकृत गर्ने।

६. चुमनुब्री गाउँपालिका वडा नं ४ प्रोक गाउँ निवासी श्री धोर्जेलाई मिति २०८२।०६।०७ गते भालुले आक्रमण गरी गम्भिर घाईते भई उपचारका लागि काठमाडौँ रिफर गरिएको भनी चुमनुब्री गाउँपालिका ४ नं वडा कार्यालयको च नं ६१, मिति २०८२।०९।११ को पत्रानुसार चुमनुब्री गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ को दफा ७ (घ) बमोजिम उपचार खर्च बापत रू ४० हजार निजको बैंक खातामा भुक्तानी दिने।

७. चुमनुब्री गाउँपालिकाका विभिन्न कार्यक्रमहरू व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा मितव्ययी तवरले सञ्चालन गर्न तपसिलका कार्यविधिहरू स्विकृत गर्ने।

तपसिल

क. मनास्लु दिवस मनाउने कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२
ख. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२
ग. कृषक समूह दर्ता सम्बन्धी कार्यविधि २०८२
घ. घरेलु मदिरा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८२
ङ. विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०८२
च. व्यवसाय कर सम्बन्धी कार्यविधि २०८२
छ. सेराङ गुम्बा र श्रृङ्गी हिमाल संरक्षण कार्यविधि, २०८२

८. चुमनुब्री गाउँपालिकाको आ व २०८३।८४ को आय व्यय प्रक्षेपणको विवरण राजश्व परामर्श समितिबाट पेश भए बमोजिम स्विकृत गर्ने।

९. चुमनुब्री गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा eHMIS सफ्टवयेर खरिद तथा डिजिटलाईजेसनका लागि आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च (२२४१२) बाट खर्च व्यवस्थापन गर्ने।

१०. चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ को वार्षिक स्विकृत कार्यक्रम मानव सेवा आश्रम सहयोग (२५३१५) बाट रू ५ लाख बजेट विनियोजन भएकोमा मानव सेवा आश्रमबाट भवन निर्माणका लागि प्रस्ताव पेश भएबमोजिम विनियोजन भएको बजेट आश्रमको बैंक खाता निकासा गर्ने।

११. चुमनुब्री गाउँपालिकामा सञ्चालित प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत शिक्षकले मासिक रूपमा तलब रू१९०००.०० पाउँदै आएकोमा नेपाल सरकारले निर्धारण गरेको न्युनतम तलब स्केल रू १९५५०.०० कायम गरी तलब भुक्तानी गर्न आवश्यक बजेट व्यवस्थाका लागि गाउँसभामा पेश गर्ने।

१२. चुमनुब्री गाउँपालिका वडा नं २ स्थित रहेको श्री धल्हो पेमा सम्भवा माध्यामिक विद्यालयका लागि लेखापाल व्यवस्थापन गर्नुपर्ने भएकोले आवश्यक तलब भत्ताको लागि बजेट व्यवस्थापन गर्न गाउँसभा पेश गर्ने।

१३. गुरूङ समुदायको महान पर्व तमु ल्होसारका अवसरमा चुमनुब्री गाउँपालिका र तमु ह्युल छोर्ज धि गुरूङ राष्ट्रिय परिषद सिर्दिवास कार्यसमितिको संयूक्त आयोजनामा विविध साँस्कृतिक कार्यक्रम तथा प्रतियोगिता सञ्चालनका लागि रू ५ लाख बजेट व्यवस्थाका लागि सभामा पेश गर्ने।

१४. जिल्ला खेलकुद विकास समिति गोरखाको आयोजनामा हुन लागेको १३औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ र प्रथम पृथ्वी नारायण गोल्डकप फुटबल प्रतियोगिता २०८२

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

सञ्चालनका लागि विभिन्न संघ संस्था सहायता (२७२१९) शिर्षकबाट रू १ लाख ५० हजार आर्थिक सहयोग प्रदान गर्ने ।

१५. चुमनुब्री गाउँपालिकामा लामो समयदेखि कामकाज गरी अन्यत्र सरूवा भई जान लागेका तपसिल बमोजिमका कर्मचारीहरूलाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार (२११३५) शिर्षकबाट पुरस्कार स्वरूप तपसिलमा उल्लेख भएबमोजिम रकम भुक्तानी दिने ।

| सि नं | कर्मचारीको नामथर | पद | पुरस्कार रकम रू. | कै |
|---|---|---|---|---|
| १ | गिरिजा प्रसाद रिजाल | लेखा अधिकृत, सातौं | २५ हजार | |
| २ | दिनेश रावल | असिष्टेन्ट सब-ईन्जिनियर, चौथौ | १५ हजार | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष